# रूपा गाउँपालिका कास्कीको बजेट बक्तव्य, २०७९।०८०

## रुपा गाउँपालिका

**Rupa Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

**रुपाकोट, कास्की**

**Rupakot, Kaski**

**गण्डकी प्रदेश नेपाल**

**Gandaki Province Nepal**

मिति २०७९ असार ९ गते विहिबार

गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सुरक्षाकर्मी, पत्रकार एवम् रूपाबासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरू

१. नेपालको संविधानको धारा २३० बमोजिम रूपा गाउँपालिका, कास्कीको उपाध्यक्षको हैसियतले सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटले रूपा गाउँपालिकाको विकास निर्माणलाई अगाडि बढाउने तथा गाउँपालिकाको अर्थव्यवस्थालाई गतिशील तुल्याउँदै गाउँपालिकाको दिर्घकालीन सोच **रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान** लाई सार्थक तुल्याउने अपेक्षा गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायतका विभिन्न आन्दोलनमा आफ्नो प्राणको आहूति दिनुहुने ज्ञात अज्ञात अमर सहिदहरूप्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान तथा परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रूपमा रहेको स्थानीय तहको निर्वाचन शान्तिपूर्ण, भयरहित वातावरणमा सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक राजनीतिक दल निर्वाचन आयोग राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयमसेवक तथा नागरिकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक राज्य प्रणाली, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, रूपा गाउँपालिकाका कानून, आवधिक योजना, दिगो विकासका लक्ष्य, मध्यमकालीन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेको छु ।

५. आगमी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासको आवश्यकता तथा नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु । साथै कोभिड -१९ को महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुनः गतिशील र चलायमान बनाउन अनुत्पादक लगानी र अनावश्यक खर्चलाई कटौती गरेको छु । यो बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।

६. बजेट निर्माणका क्रममा बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, विषयगत समिति तथा सरोकारवालाहरूसँग परामर्श तथा टोल बस्तीका योजना संकलन गरी गाउँपालिकाको सीमित स्रोत साधनका बाबजुद जनताका असीमित अपेक्षाहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छु ।

७. संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम, विशेष अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाइ सम्बन्धित कार्यक्रममा खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

अध्यक्ष महोदय,

अब, म चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्मको संक्षिप्त वित्तीय प्रगति विवरण प्रस्तुत गर्दछु ।

८. चालु आर्थिक वर्षको बार्षिक बजेट शंसोधित अनुमान रु ५५ करोड ४३ लाख ७५ हजार रहेकोमा जम्मा आय तर्फ ४९ करोड ५८ लाख ३८ हजार ६ सय ८१ रुपैया १३ पैसा गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।

९. चालु खर्च तर्फ ३० करोड ८३ लाख ९३ हजार ४ सय २० व्यय अनुमान गरिएकोमा हालसम्म रु. २१ करोड ६५ लाख २८ हजार ७ सय ३७ रुपैयाँ ८९ पैसा खर्च भएको छ ।

१०. पूँजीगत खर्च तर्फ रु. २४ करोड ७० लाख ७० हजार ८९३ रुपैयाँ १० पैसा विनियोजन भएकोमा हालसम्म ५ करोड ४३ लाख ४४ हजार ६७८ रुपैयाँ ५० पैसा खर्च भएको छ । हाल सम्मको औषत वित्तीय प्रगति ४८.७६ प्रतिशत रहेको छ ।

अध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

**बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन्:**

क. स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाई संघीयता कार्यान्वयन र सुदृढीकरण गर्ने ।

ख. संघ तथा प्रदेश सरकारको बलियो आधारका रूपमा स्थानीय सरकारको भूमिका थप प्रभावकारी बनाउने ।

ग. सुशासन, विकास र समृद्धि हासिल गर्न जोड दिँदै सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व कायम गरी सरकारी खर्चको उपादेयता बढाउने ।

घ. उपलब्ध स्रोत र साधनको उचित परिचालन गर्दै प्राप्त प्रतिफलको न्यायोचित वितरण सुनिश्चित गर्ने ।

ङ. आर्थिक-सामाजिक र भौतिक पूर्वाधारहरूको विकास तथा निर्माणलाई तिव्रता दिने ।

च. संघीय तथा प्रदेश सरकारहरूका बिचमा सुमधुर सम्बन्ध कायम गरी समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने ।

**माथि उल्लिखित उद्देश्य हासिल गर्न देहायअनुसारका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु ।**

क. स्थानीय स्तरमा सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई स्वरोजगार विकास,

ख. स्वास्थ्य पूर्वाधारहरूको विकास तथा विस्तार र दक्ष जनशक्तिहरूको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण,

ग. कृषि क्षेत्रको आधुनिकीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति,

घ. भौतिक पूर्वाधार विकासमा जोड,

ङ. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास,

च. संघीय सरकार, प्रदेश सरकार तथा अन्तरस्थानीय सरकारसँगको सहकार्य र समन्वय,

छ. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि,

ज. सार्वजनिक, सहकारी र निजी क्षेत्रमा उपलब्ध स्रोत र साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवम् उत्थानशील अर्थतन्त्र निर्माण,

झ. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण

अध्यक्ष महोदय,

**अब म आगामी आर्थिक वर्षको प्रस्तावित बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

११. गाउँपालिकाले आगामी आर्थिक बर्ष स्वरोजगार बर्षको रूपमा मनाउनका लागी तथा स्थानीय स्तरमा सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई रूपाबासीहरूलाई स्वरोजगार तर्फ उन्मुख गराउनका लागि रू ७० लाख विनियोजन गरेको छु ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम, यूवा रोजागारीका लागी रूपान्तरण पहल कार्यक्रम, तथा लघु उद्यम विकास कार्यक्रम मार्फत रोजगारी सिर्जनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१३. निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट रूपावासीको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिकाको कृषि तथा पशु सेवा क्षेत्रको समष्टि विकासका लागि एकमुष्ट रू ८५ लाख बजेट विनियोजन गरेको छु ।

१४. रूपाको आर्थिक विकासका लागि स्थानीय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गरी स्थानीय श्रम सीप र कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना तथा सो बाट उत्पादित बस्तुको वजारीकरणका लागि रू १० लाख विनियोजन गरेको छु।

१५. रूपा गाउँपालिका, कास्कीको प्रमुख प्रशासकीय भवन निर्माणलाई आवश्यक बजेटको स्रोत सुनिश्चितता गर्दै आगामी आर्थिक बर्षको लागि रू २ करोड विनियोजन गरेको छु ।

१६. रूपाकोट अस्पताल भवन निर्माणलाई आवश्यक बजेटको स्रोत सुनिश्चितता गर्दै आगामी आर्थिक बर्षको लागि रू १ करोड विनियोजन गरेको छु ।

१७. रूपा गाउँपालिका वडा नं २ को प्रशासकीय भवन निर्माणका लागि १ करोड ५७ लाख विनियोजन गरेको छु ।

१८. रूपा गाउँपालिका, कास्कीका वडा नं १ र ४ को वडा कार्यालय जोड्ने सडक निर्माणका लागि रू २ करोड ५० लाख विनियोजन गरेको छु ।

१९. रूपाको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार गरी विश्वशान्ती उद्यान पार्क निर्माण, होम स्टे प्रवर्द्धन सहित अन्य पर्यटकीय क्षेत्रको पहिचान र प्रवर्धनका लागि रू ३० लाख विनियोजन गरेको छु ।

२०. सार्वजनिक निजी सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत् राष्ट्रिय अर्थतन्त्र सुदृढ गरी वित्तीय क्षेत्रको प्रवर्धनका लागि रू २५ लाख विनियोजन गरेको छु ।

२१. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको स्वास्थ्यलाई मध्यनजर गरी विद्यालयमा अनुपस्थित दर कम गर्नका लागि सेनिटरी प्याड व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२२. नमुना विद्यालय तथा विशेष विद्यालय भवन निर्माण तथा प्राविधिक ल्याव व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु ।

२३. कमाउदै पढ्दै कार्यक्रम जनता मावि रूपा ३ लगायत गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधार तथा शिक्षा विकासका लागि विभिन्न कार्यक्रमहरुमा एकमुष्ठ रू ६५ लाख विनियोजन गरेको छु ।

२४. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. गाउँपालिकाभित्र निर्माण हुने झोलुङ्गे पुलहरू (लोदी रूपा ३ तालबेँसी रूपा ६ चोरगौँडा बाँस्कोट दोभान, थातीहर पिप्ले लाग्दी खोला पुल, विर्दी दोभान खोला पुल, दुलैकोट) का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. जेष्ठ नागरिक, महिला, बालबालिका, जनजाति, बोटे, जलारी, सहिद, वेपत्ता परिवार, अपाङ्ग, मुस्लिम, कुमाल लगायतका जातजाति तथा वर्गको सशक्तिकरण तथा सुरक्षणका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ रू ६२ लाख बजेट विनियोजन गरेको छु ।

२७. गाउँपालिकाभित्रका अधिकतम २० युनिट सम्म विद्युत खपत गर्ने घरपरिवारहरुलाइ सो वापतको विद्युत महशुल सहुलियत प्रदान गर्न रू १५ लाख बजेट विनियोजन गरेको छु ।

२८. स्वास्थ्य वीमा कार्यक्रमलाइ प्रभावकारी वनाउन गाउँपालिकाभित्रका लक्षित समूहलाइ प्राथमिकता दिइ सो का लागी रू ५ लाख बजेट व्यवस्था गरेको छु ।

२९. रूपा गाउँपालिकाभित्रका विवादहरूको निरूपण गर्ने न्यायिक समितिको सुदृढीकरणका लागि रू ८ लाख बजेटको व्यावस्था गरेको छु ।

३०. जनस्वास्थ्य सेवा अन्तर्गतका नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा, उपचारात्मक सेवा कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम तथा स्वास्थ्य व्यवस्थापन, सुत्केरी प्रोत्साहन कार्यक्रम, मुख स्याहार कार्यक्रमका साथै सो क्षेत्रसँग सम्बन्धित विविध कार्यक्रमका लागि रू ६४ लाख बजेट विनियोजन गरेको छु ।

३१. रूपा गाउँपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ व्यवस्थापनका लागि रू ३६ लाख ५० हजार विनियोजन गरेको छु ।

३२. गाउँपालिकाभित्रका सांस्कृतिक सम्पदा तथा संस्कृतिको संरक्षण तथा संवर्धनका लागि रू ३० लाख विनियोन गरेको छु ।

३३. **राष्ट्रको लागी खेलकुद तथा स्वास्थ्यको लागी खेलकुदको** मर्मअनुसार खेलकुद तथा मनोरञ्जनका क्षेत्रमा रू २० लाख विनियोजन गरेको छु ।

३४. स्थानीय सडकको स्तरोन्नति गरी सुरक्षित र बाह्रै महिना यातायात सञ्चालन पूर्वाधार निर्माण तथा पुल निर्माण तर्फ रू १ करोड २४ लाख ५० हजार विनियोजन गरेको छु।

३५. गाउँपालिका भित्रको कृषि विकासको लागि सिँचाइ पूर्वाधारको निर्माण गरी उत्पादनमा वृद्धि गर्न रू ४१ लाख विनियोजन गरेको छु ।

३६. गाउँपालिकाभित्रका विभिन्न वहुउद्देशिय सामुदायिक भवन, शबदाह, किरियापुत्री भवन, प्रतिक्षालय, जेष्ठ नागरिक दिवा मनोरञ्जन तथा पारिवारिक मिलन केन्द्र का साथै अन्य सहरी पुर्वाधार विकासका लागि रू ७९ लाख ५० हजार विनियोजन गरेको छु ।

३७. उर्जा लघु तथा साना जलविद्युत विकासका लागि रू १५ लाख विनियोजन गरेको छु ।

३८. रूपा गाउँपालिकालाई नवीन सूचना तथा प्रविधिमैत्री बनाइ रूपाबासीलाई सुसूचित गर्न सञ्चारतर्फ रू १० लाख विनियोजन गरेको छु ।

३९. सामुदायिक वनको दिगो व्यवस्थापन मार्फत वातावरण तथा भू संरक्षण गरी पारिस्थितिक प्रणालीको संरक्षणका लागि रू ३० लाख विनियोजन गरेको छ ।

४०. फोहरमैला तथा ढल व्यवस्थापनका लागि रू १० लाख बजेटको व्यवस्था गरेको छु ।

४१. जलउत्पन्न प्रकोप नियन्त्रणका लागि रू ५ लाख विनियोजन गरेको छु ।

४२. रूपा गाउँपालिकाभित्र सुरक्षाको प्रत्याभूति गराउनका प्रहरी चौकी स्तरोन्ती गर्नका लागि रू ६ लाख व्यवस्थापन गरेको छु ।

४३. रूपा गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाई सेवा प्रवाह चुस्त र सुदृण गर्नका लागि रू ३० लाख विनियोजन गरेको छु ।

४४. बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाइ सुरुवात गरी गाउँपालिकाभित्रका सुत्केरी तथा नवजातशिशुको पोषण कार्यक्रमलाई उपाध्यक्षसँग महिला कार्यक्रमसँग आवद्ध गरी सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**४५.** क्षयरोगमुक्त गाउँपालिका घोषणा अभियानलाइ सार्थकता दिन विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि रू १७ लाख विनियोजन गरेको छु ।

४६. रूपा गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी पारिश्रमिकका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४७. आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदानका शिक्षक, बालविकास सहजकर्ता एवम् विद्यालय कर्मचारीका लागि तलब भत्ताका लागि रू १० करोड ४८ लाख ३४ हजार विनियोजन गरेको छु ।

४८. गाउँपालिकाभित्रका अस्पताल स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको तलब भत्ता, पोशाक लगायत अन्य प्रशासनिक खर्चका लागि १ करोड ९२ लाख विनियोजन गरेको छु ।

४९. गाउँपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको तलबमानमा १५ प्रतिशतले वृद्धि गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

५०. रूपा गाउँपालिकाका निर्वाचित पदाधिकारीहरूको गण्डकी प्रदेश सरकारको मापदण्ड बमोजिम हुने गरी सुविधाका लागि रू १ करोड विनियोजन गरेको छु ।

५१. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूको पोशाक भत्ता वापत ४ लाख ७० हजार विनियोजन गरेको छु ।

५२. राष्ट्रसेवक कर्मचारीहरूले नेपाल सरकारको निर्णयानुसार प्राप्त गर्ने महंगी भत्ता वापत रू ८ लाख विनियोजन गरेको छु ।

५३. रूपा गाउँ कार्यपालिकाको निणयानुसार फिल्डमा खटिने तोकिएका कर्मचारीहरूका लागि फिल्ड भत्ता वापत रू १० लाख विनियोजन गरेको छु ।

५४. गाउँपालिकाका विविध कार्यमा बस्नुपर्ने पदाधिकारी तथा कर्मचारी बैठक भत्ताका लागि रू ५ लाख विनियोजन गरेको छु ।

५५. शिशु स्याहार भत्ता दशैं तिहार जस्ता पर्वमा खटाइने कार्यालय सहयोगीले पाउने लगायत अन्य भत्ता वापत रू ३ लाख विनियोजन गरेको छु ।

५६. नेपाल सरकारको निर्णयानुसार राष्ट्रसेवक कर्मचारीहरूको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्चका लागि रू ५ लाख विनियोजन गरेको छु ।

५७. गाउँपालिकाका पदाधिकारीहरूको बैठक भत्ता वापत रू ७ लाख विनियोजन गरेको छु ।

५८. गाउँपालिकामा कार्यरत कर्मचारीहरूको आर्थिक सुरक्षाका लागि कर्मचारी कल्याण कोष स्थापना गर्न रू १ लाख बजेटको व्यवस्था गरेको छु ।

५९. गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक हुने पानी तथा विजुली वापतको खर्चका लागि रू २ लाख बजेट विनियोजन गरेको छु ।

६०. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, तथा शाखा कार्यालयको सञ्चार महशुलका लागि रू ६ लाख विनियोजन गरेको छु ।

६१. यस गाउँपालिकाको कार्यालय प्रयोजनमा रहेका तथा गाउँपालिका पदाधिकारीहरुले प्रयोग गर्ने (व्याक्हो लोडर, एम्बुलेन्स, चारपाङ्ग्रे सवारी साधन पिक अप भ्यान, दुइपाङ्ग्रे मोटरसाइकल स्कुटर तथा गाउँपालिकाभित्र रहेका सुरक्षा निकायले प्रयोग गर्ने मोटरसाइकल समेत) सवारी साधनका लागि इन्धन वापत आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६२. गाउँपालिका मातहकका विभिन्न सवारी साधन (व्याक्हो लोडर, एम्बुलेन्स, चारपाङ्ग्रे सवारी साधन पिक अप भ्यान, दुइपाङ्ग्रे मोटरसाइकल स्कुटर तथा गाउँपालिकाभित्र रहेका सुरक्षा निकायले प्रयोग गर्ने मोटरसाइकल समेत) को मर्मत सम्भारका लागि एकमुष्ठ रू ३५ लाख विनियोजन गरेको छु ।

६३. रूपा गाउँ कार्यपालिकाको कार्यालय तर्फ प्रयोग हुने सवारी साधन मर्मत सम्भारका लागि रू ६ लाख बजेटको व्यवस्था गरेको छु ।

६४. गाउँपालिकाका नाममा रहेका विभिन्न सवारी साधनहरूको बीमा तथा नवीकरणका लागि रू ३ लाख बजेट विनियोजन गरेको छु ।

६५. कार्यालय सञ्चालनका क्रममा आवश्यक पर्ने मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन गर्नका लागि रू ४ लाख बजेट छुट्याएको छु ।

६६. गाउँपालिकाभित्र सञ्चालित कार्यालयका निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चका लागि रू २ लाख बजेटको व्यवस्था गरेको छु ।

६७. कार्यालय सञ्चालनका क्रममा आवश्यक हुने मसलन्द तथा कार्यालय सामग्रीको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

६८. गाउँपालिकाका नागरिकलाई सुसूचित गर्न प्रकाशन गरिने सूचनामूलक सामग्री छपाइ तथा सूचना, बोलपत्र आह्वान, जानकारी, अनुरोध तथा विज्ञापनका लागि रू १० लाख बजेटको व्यवस्था गरेको छु ।

६९. यस गाउँपालिकाका विभिन्न निर्णयहरूलाई स्थानीय सरकारको आधिकारिक निर्णयको रूपमा प्रकाशन गर्ने कार्य स्वरूप प्रकाशन हुने राजपत्र प्रकाशनका लागि रू २ लाख बजेट विनियोजन गरेको छु ।

७०. विभिन्न किसिमका विकास निर्माणका योजना सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि रू १० लाख बजेटको व्यवस्था गरेको छु ।

७१. गाउँपालिकामा विभिन्न सेवामा कार्यरत करार कर्मचारीहरूको तलब भत्ताका लागि २ करोड ९२ लाख बजेटको व्यवस्था गरेको छु ।

७२. गाउँपालिकाको जन्म मृत्यु तथा बसाँइ सराइ जस्ता व्यक्तिगत घटना दर्तालाई व्यवस्थित राख्ने तथा सामाजिक सुरक्षा भत्ता समेतको कुशल व्यवस्थापन गर्ने कर्मचारीका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सँगको साझेदारी वापतको रकमका लागि २ लाख ५० हजार विनियोजन गरेको छु ।

७३. विभिन्न किसिमका सिप विकास तथा जनचेतना तलिम तथा गोष्ठी सञ्चालनका लागि रू १ लाख ५० हजार विनियोजन गरेको छु ।

७४. गाउँपालिकाका विभिन्न कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरी सबैलाई सुसूचित गर्नका लागि रू २ लाख ५० हजारको व्यवस्था गरेको छु ।

७५. रूपा गाउँपालिकाको स्थापना दिवसमा विभिन्न किसिमका कार्यक्रमहरू सहित स्थापना दिवस मूल समारोह कार्यक्रम समेत सञ्चालन गरी भव्य रूपमा सम्पन्न गर्नका लागि १८ लाख विनियोजन गरेको छु ।

७६. रुपा गाउँपालिकाका सात वटै वडा कार्यालयहरुको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि एकमुष्ठ रु ५० लाख बजेटको व्यवस्था गरेको छु।

७७. कार्यपालिकाको निर्णयबमोजिम तत्काल आवश्यक हुने विभिन्न चालू प्रकृतिका खर्चका लागि रू १५ लाख विनियोजन गरेको छु ।

७८. अन्तरस्थानीय तह असल अभ्यास तथा अनुभव आदानप्रदानका लागि ५ लाख बजेटको व्यवस्था गरेको छु ।

७९. कर्मचारीहरूको बढुवा तथा अन्य कारणले हुने सरूवाका क्रममा लाग्ने भ्रमण खर्चका लागि रू ५ लाखको व्यवस्था गरेको छु ।

८०. रूपा गाउँपालिकाको भ्रमण गर्नुहुने विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च तथा अन्य भ्रमणका लागि ५ लाख बजेट विनियोजन गरेको छु ।

८१. गाउँपालिकामा हुने विभिन्न कार्यक्रममा लागि हुने खर्चको लागी एकमुष्ठ रु २० लाख विनियोजन गरेको छु ।

८२. संवैधानिक व्यवस्थाअनुसार यस गाउँपालिकाले सञ्चालन गर्ने गाउँसभा सञ्चालनका लागि एकमुष्ठ रू ५ लाख विनियोजन गरेको छु ।

८३. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि औषधी खरिदका लागि रू १९ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

८४. गाउँपालिकाका विभिन्न कार्य सञ्चालनका लागि सवारी साधन तथा मेसिनरी औजार भाडा खर्चका लागि ५ लाख बजेटको व्यवस्था गरेको छु ।

८५. गाउँपालिकाभित्र हुनसक्ने विभिन्न विपद् प्रकोपजन्य घटनाहरुको तत्काल व्यवस्थापनका लागि स्थापना गरिएको विपद् व्यवस्थापन कोष सञ्चालनका लागि २५ लाख बजेट विनियोजन गरेको छु ।

८६. गाउँपालिकाका नागरिकको स्वास्थ्य सेवालाई ख्याल गर्दै गाउँपालिकाबाटै सेवा प्रवाह गर्न स्थापना गरिएको रूपाकोट अस्पतालको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८७. रूपा गाउँपालिकाका तत्काल गर्नुपर्ने कार्यलाई सहज बनाउन कार्यपालिकाको निर्णयानुसार हुने पुँजीगत कार्यक्रम हुने खर्चका लागि रु २० लाख बजेटको व्यवस्था गरेको छु ।

८८. विकास निर्माणका कार्यलाई गुणस्तरीय बनाउनका लागि गाउँपालिकाको आफ्नै प्राविधिक ल्याव स्थापनाका लागि मेसिनरी औजार खरिद गर्न तथा वडा कार्यालयहरूको सुदृढीकरणका लागि रू वैकल्पिक उर्जा, कम्प्युटर प्रिन्टर लगायत अन्य सामग्री व्यवस्थापनका लागि २९ लाख विनियोजन गरेको छु ।

८९. गाउँपालिकाको एक घर एक धारा कार्यक्रम सम्पन्न गरी सो को नियमितता, खानेपानी तथा सिँचाइ सुविधाका लागि समेत आवश्यक पाइप खरिद गर्न रु १० लाख बजेटको व्यवस्था गरेको छु ।

९०. गाउँपालिका भित्रका कार्यालयहरूको सेवाप्रवाहलाई गुणस्तरीय बनाउनका लागि आवश्यक मेसिनरी तथा औजार तर्फ रु ५ लाख विनियोजन गरेको छु ।

९१. चालू आर्थिक बर्ष २०७८।०७९ मा गाउँपालिकासँग सम्झौता भइ सम्पन्न हुन नसकेका स्वीकृत योजनाहरुलाइ आगामी आर्थिक बर्ष २०७९।०८० मा क्रमागत योजनाको रूपमा निरन्तरता हुने व्यवस्था मिलाएको छु ।

९२. आर्थिक बर्ष २०७९।०८० को अनुमानित आय व्यय विवरण र विभिन्न विषयगत क्षेत्रमा खर्च हुने गरी प्रस्तावित शिर्षकगत बजेट तथा कार्यक्रम यसैसाथ पेश गरेको छु ।

९३. आगमी आर्थिक बर्ष २०७९।०८० को आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ यसैसाथ पेश गरेको छु ।

अध्यक्ष महोदय,

अब म बजेटमा उल्लिखित क्षेत्रगत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

९४. माथि उल्लिखित बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रू ४९ करोड ३९ लाख ५४ हजार खर्च हुने अनुमान गरेको छु ।

९५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू ८ करोड ८८ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ रू ६ करोड ८६ लाख ९६ हजार, गण्डकी प्रदेश सरकार समानीकरण अनुदान ९४ लाख ३१ हजार, गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँड रू ४३ लाख २४ हजार, नेपाल सरकार ससर्त अनुदान तर्फ रू २१ करोड ४० लाख, गण्डकी प्रदेश सरकार समपुरक अनुदान २ करोड, जिल्ला समन्वय समिति कास्कीको मौज्दात कोषबाट प्राप्त हुने रकम रू १ करोड ४ लाख २१ हजार ५ सय, गाउँपालिकाको चालू आव को अल्या रकम रु ३ करोड ७१ लाख ८१ हजार ५ सय र आगामी आर्थिक बर्षको लागी आन्तरिक स्रोत अनुमान रू २ करोड ११ लाख व्यहोरिने छ ।

अध्यक्ष महोदय, तथा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरू,

बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने माननीय संघीय सांसदज्यूहरू, प्रदेश सभा सदस्यज्यूहरू, विभिन्न राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, नागरिक समाज सुरक्षाकर्मी पत्रकार रूपाबासी सम्पूर्ण जनहरूबाट प्राप्त सुझाव सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा संघीय इकाइहरूका सबै निकाय र सरोकारवालाहरूको पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

२०७९ असार ०९ गते बिहिबार

(लालसुब्बा गुरुङ)

उपाध्यक्ष, रूपा गाउँपालिका कास्की